# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०७३

पत्र संख्या : २०७८/०७९

चलानी नं.: १४८०

मिति : २०७८/१२/०६

सुचना सुचना सुचना

अनुसूची - २ ( दफा ३ को ड, ढ तथा दफा ४ र ५ सग सम्बन्धित )

म्याग्दे गाउपालीका का उपाध्यक्ष सग एकल तथा विदुर र ग र घ वर्गका महिला पुरुष अपाङ्ग लक्षित कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८। १२।०६

यस कार्यालयको चालु आ.व.२०७८।०७९ को वार्षिक स्विकृत कार्यक्रम अनुसार म्याग्दे गाउपालिका भित्र स्थाई रुपमा वसोवास गर्ने ४५ वर्ष पुरा भई ७० वर्ष ननाघेका लक्षित एकल तथा विदुर पुरुष तथा ४५ वर्ष पुरा भई ६० वर्ष ननाघेका लक्षित दलित एकल तथा विदुर पुरुष साथै (ग) र (घ) वर्ग को परिचय पत्र प्राप्त सवै उमेर समुहका महिला पुरुष अपाङ्ग व्यक्ति लाई कार्यविधि मा भएको व्यवस्था अनुसार आन्तरिक आय तर्फ को स्विकृत वजेट वाट मासिक सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरी व्यक्तिगत रुपमा ( कार्यविधि को दफा ३ को ड र ढ तथा दफा ४ र ६ को परिधि भित्र रही ) निवेदन पेश गर्ने गरी यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ७ दिन भित्र (२०७८।१२।१३ गते आईतवार भित्र ) तोकिएको ढाँचा अनुसारको आवेदन फारममा गाउपालिका को महिला विकाश शाखा मा दरखास्त दिनुपर्नेछ । पुनश्च: आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सुचना द्धारा सुचित गरिन्छ

१. रित पुर्वकको आवेदन ।
२. अपाङ्ग परिचयपत्र / जेष्ठ नागरिक परिचयपत्र को प्रतिलिपि ।
३. नेपाली नागरिकताको प्रतिलिपि ।
४. अन्य पुस्त्याई का कागजातहरु ( मृत्युदर्ता, सम्बन्ध विच्छेद, विदुर को लागी, त्यसैगरी गरिव विपन्न परिचयपत्र तथा काजगात, जन्मदर्ता, वडाको सिफारिस , दोहोरो सुविधा नलिएको आधार तथा अन्य सरोकार कागजात आदी सवै को लागी ) को प्रतिलिपिहरु ।
५. कार्यविधि गाउँपालिकाको वेवसाईट :मा हेर्न सकिनेछ ।
६. थप जानकारीका लागि सम्पर्क : ९८५६०६३१०८ /९८५६०६०५३६/९८४६४९८८४४

नोट : यस सुचनामा उल्लेख भए वाहेकका विषयमा प्रचलित कानुन र गाउँ कार्यपालिकको निर्णय वमोजिम हुनेछ ।

२०७८/१२/०६

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९
चलानी नं.: १४६८

मिति : २०७८/१२/०६

विषय : – स्थानीय राजपत्र प्रकाशन सम्वन्धमा ।

श्री जो जस सग सम्बन्धीत छ ।

प्रस्तुत विषय सम्बन्धमा यस गाउपालीका को मिति २०७८।१२।०४ गते बसेको कार्यपालीका को बैठक को निर्णय अनुसार तपशिल बमोजिमका **स्थानीय कार्यविधि, १** स्वीकृत गरी अध्यक्ष श्री माया देवी राना (आले) ज्यु वाट प्रमाणीकरण भएको हुदा म्याग्दे गाउपालीका को राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७५ को दफा ८ तथा अनुसुचि १ बमोजिम **स्थानीय राजपत्र भाग २** मा प्रकाशन भएको हुदा सरोकारवाला सबै लाई जानकारीको लागी अध्यक्ष ज्यु को आदेश अनुसार यसै सुचना द्वारा जानकारी गराईन्छ

२०७८/१२/०६

नारायण प्रसाद अधिकारी
प्रमुख प्रसासकिय अधिकारी

**तपशिल**

१, म्याग्दे गाउपालिका का उपादक्ष्य सग एकल तथा विदुर पुरुष र अपाङ्ग संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि २०७८